# “खोइ तिम्रो सिफारिस ?”

जागिरको खोजीमा
मीठा मीठा कल्पना गरें
नौला नौला सपना देखें
प्रमाण पत्रहरुका फाइल हातमा च्यापी
कौतुहलपुर्ण शीर उठाएं
थकित नयनहरुले देखेका
ठेगानामा इन्टरभ्यू दिन गएं
फाइल हेरे उल्लेखित सबै ठिक थिए
महत्वहिन प्रश्नहरु ह्वार ह्वारती वर्षिए
प्रतिउत्तर दिन प्रयत्न गरिरहें
तर अन्तमा अचम्मको प्रश्न सोधियो
“खोई तिम्रो सिफारिस ?”

तिन छक्क परें
हाति छिरेर, पुच्छर अड्किएको देख्दा
प्रमाण–पत्रहरुको इज्जत गरिएन
योग्यताको कदर भएन
सिरिफ सिफारिस भए पुग्थ्यो
तर मसंग सबै कुरा भएर पनि सिफारिस थिएन
त्यसैले सिफारिसविहिन साक्षर व्याक्तिहरु
सडकका पेटिहरुमा भौतारिन्छन्
गल्लि–गल्लिमा पाइला लडबडाउंछन्
आफ्नो मेहनतलाई धिकार्दै

सिफारिसले प्रमुखता पाएकोछ
चन्द्रमामा अक्सिजन
मन्दिरमा मुर्ति झैं भएकोछ
अन्तमा आफुलाई शान्तवना दिन
मन्दिर तर्फ गएं
सोचाइले भारि भएको
टाउको निहुराई दस औंला जोडी
“ हे प्रभु, हे सर्वशक्तिमान
आज मलाई सहयोग गर्नुहोस्”
भन्दै विन्ति गर्न मन लाग्यो
तर एकक्षण रोकिएं
भयभित भएं

मनभरि शंका उब्जाएं
कतै प्रभुले पनि गर्ने हो कि
एउटै प्रश्न "खोई तिम्रो सिफारिस?"